नेपाल सरकार

# सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)

मिनभवन, काठमाडौं ।

प.सं. २०८०-०८१

च.नं. ४६८

मिति: २०८०/०८/०१

बिषय : **आ.व. २०८०/०८१ को बजेट स्वीकृति सम्बन्धमा ।**

श्री नौकुण्ड गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
रसुवा ।

उपरोक्त सम्बन्धमा चालु आर्थिक बर्ष २०८०/०८१ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि व.उ.शि.नं. ३३७३१०११३ अन्तर्गत कार्यकारी समितिको मिति २०८०/०७/२१ को निर्णयानुसार *रू. १८,००,०००/- (अक्षरुपी अठार लाख मात्र)* बजेट स्वीकृत गरी पठाइएको छ । यसरी स्वीकृत बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन बोर्डबाट गरिएको सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन पालना गर्नु हुन जानकारी गराइएको छ । यस बोर्डबाट विनियोजित बजेट र तहाँ कार्यालयले सडक बोर्ड नियमावली, २०६० को परिच्छेद (३) नियम (९) तथा उल्लेखित मार्गदर्शन वमोजिम व्यहोर्नु पर्ने समपूरक कोष (Matching Fund) समेत समावेश गरी ढिलोमा **२०८० माघ मसान्त भित्र** बार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिको लागि पेश गर्नु हुन अनुरोध छ । बोर्डबाट सहमति लिए पश्चात मात्र बोर्ड सम्बद्ध ऐन, नियमावली, निर्देशिकाको अधिनमा रही प्रचलित कानून वमोजिमको प्रक्रिया र व्यवस्थाको प्रतिकुल नहुने गरी स्थानीय तहको हितलाई मध्यनजर गरी पूर्ण जिम्मेवारीका साथ कार्यक्रम संचालन गरी निकासा लिनु हुन अनुरोध छ ।

सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन, कार्यक्रमको सहमति तथा रकम निकासाको लागि आवश्यक कागजातहरुको ढाँचा यस बोर्डको वेभसाईट www.rbn.org.np बाट डाउनलोड गर्न सकिने व्यवस्था मिलाइएको छ । बोर्डबाट निकासा भएको रकम आर्थिक बर्षको अन्तसम्म खर्च हुन नसकेमा वचत हुने रकम बोर्डको खातामा फिर्ता पठाउनु हुन समेत अनुरोध छ ।

.............................
गणेश बहादुर के.सी.
कार्यकारी निर्देशक

मिनभवन, काठमाडौं, नेपाल, फोन नं. ०१-४५९३५१५/...५२९/...५३९/ ...५४२
फ्याक्स : ०१-४५६०८७१, इमेल : info@rbn.org.np; roadsboardnepal.org@gmail.com
वेभसाईट : www.rbn.org.np